# ताराखोला गाँउपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

अर्गल, बागलुङ

## आर्थिक वर्ष २०८०/८१ प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम प्रतिवेदन

ताराखोला मिडिया प्रा लि

ताराखोला ,बागलुङ

## पृष्ठभुमी

सरोकारवाला सर्वसाधारण नागरिक र स्थानीय निकायका पदाधिकारीहरु बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गरी पारदर्शिता, जवाफदेहिता, प्रवर्द्धन गरी सुशासनको प्रत्याभुति गर्न सार्वजनिक सुनुवाईले अहंम भूमिका खेल्दछ । स्थानीय निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्ता सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराइ पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाइ जिम्मेवारीको संस्कार बसाउने कार्य सार्वजनिक सुनुवाईले गर्दछ ।

"सार्वजनिक सुनुवाइ" भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा वसेका स्थानीय निकायका पदाधिकारीहरु वीच सार्वजनिक चासोको विषयमा सार्वजनिक थलोमा खुला छलफल गर्ने प्रकियालाई जनाउँछ । स्थानीय निकायवाट संचालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्न, जिज्ञासाहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाइ ग्रहण गर्न तथा जिम्मेवारी बोधको संस्कार बसाउनका लागि सार्वजनिक सुनुवाई गरिन्छ ।

ताराखोला मिडिया प्रा लि संचार मार्फत स्थानिय तहमा पारदर्शिता, जवाफदेहिता, न्याय, सुशासन, सदाचार अभिबृद्धि गर्नको लागि स्थापित संस्था हो । यस संस्थाले सुचना र संचार संग सम्बन्धित बिभिन्न किसिमका कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । ताराखोला मिडिया प्रा लि ले सेवा प्रदायक संस्थाको सेवा प्रदान गर्ने पद्दति तथा कार्यक्रम कार्यान्वयन को विषयमा स्थानीय स्तरमा जनगुनासो सुन्ने परामर्श दिई बहुसंख्यक नागरिकहरुलाइ मुल प्रवाहमा संलग्न गर्दै सार्वजनिक सेवा प्रदायक पद्दतिमा सुधार गरी सुशासन तथा जवाफदेहिता प्रवर्द्धन गर्नका लागि कृयाशिल रहेको छ । सार्वजनिक सुनुवाइ यस संस्थासँग प्रत्यक्ष सरोकारको बिषय भएको कारण यो कार्यक्रम ताराखोला गाँउपालिकाको आर्थीक सहयोगमा यस संस्थाको आयोजना परामर्शदाताको रुपमा ताराखोला गाँउपालिका वडा नं २ को कार्यालयको (मौसमी बर्षाहुने कारण) सभा हलमा भातखाने डाँडामा कार्यक्रम आयोजना गरिएको हो ।

ऐन तथा नियमावलीहरुले गरेको व्यबस्थालाई सरल तथा प्रभाबकारी ढंगले संचालन गर्न सजिलो होस भनि नेपाल सरकारले सार्वजनिक सुनुवाइ कार्यबिधि २०६७ र ताराखोला गाँउपालिकाको सार्वजनिक सुनुवाइ कार्यबिधि २०७८ कार्यान्वयनमा ल्याएको छ । यस निर्देशिका बमोजिम कुनैपनि सार्वजनिक निकायहरुले सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गर्नुपर्ने तथा सो कार्य कुनैपनि परामर्श दातृ संस्था वा बिज्ञहरुको सहजीकरणमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख गरिएको छ । यिनै कुराहरुलाइ ध्यानमा राख्दै ताराखोला गाँउपालिका द्वारा आ.ब २०८०।८१ को प्रथम चौमासिक सम्ममा सम्पन्न

गरेका कार्यहरु तथा विषयगत शाखाहरुल कार्य सम्पादन तथा सेवाप्रवाह बारे सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन पश्चात प्राप्त बिवरण प्रतिवेदनमा समावेश गरिएको छ ।

सार्वजनिक सुनुवाइको औचित्यः

सुशासन, व्यबस्थापन र संचालन ऐन २०६४, नियामवली २०६५ ले हरेक सार्वजनिक निकायहरुले आफनो संस्थाले बर्षभरि संचालन र सम्पादन गरेका कार्यहरुको बर्षका सार्वजनिक सुनुवाइ गर्नुपर्ने उल्लेख भएको छ । ताराखोला गाँउपालिकाकाले आर्थिक बर्ष २०८०।८१ प्रथम चौमासिक अवधिमा संचालन भएका बिकास निर्माण कार्यहरु तथा गुनासोहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नुपर्ने कदमहरुका बारेमा जानकारी लिने महत्वपुर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउ पुऱ्याउँछ ।

२.कार्यक्रकमको उद्देश्य :

यस कार्यक्रमको मुख्य उद्देश्य ताराखोला गाँउपालिका ले आ.ब २०८०/८१ मा ताराखोला गाँउपालिकाका ५ वटै वडामा सेवा प्रवाहबारे जनताको जिज्ञासा सरोकारवाला निकायसमक्ष पुऱ्याउने र सरोकारवाला निकायलाई थप जवाफदेही बनाउने कार्य अनुरुप सर्वजनिक सुनुवाइ कार्यक्रम आयोजना र सम्पन्न गरिएको हो ।

यस कार्यक्रमका बिशिष्ट उद्देश्यहरु यसप्रकार रहेका छन-

१. पारदर्शिता, जवाफदेहिता, प्रवर्द्धन गरी सुशासनको प्रत्याभुत गर्ने
२ ताराखोला गाँउपालिका र विषयगत शाखाहरुवाट सम्पादन गरिएका योजना, कार्यक्रमहरुको वारेमा सर्वसाधारणलाई सुसूचित गराउने ।
३. ताराखोला गाँउपालिका ले सार्वजनिक सेवा प्रवाहका सम्वन्धमा सर्वसाधारणसँग प्रत्यक्ष प्रतिक्रिया लिई सम्वन्धित बिषयहरुमा प्रभावकारी सेवा प्रवाहाका लागि ध्यानाकर्षण गराउने ।

.कार्यविधि :

१. ताराखोला गाँउपालिकाले आ.ब २०८०।८१ को प्रथम चौमासिक सम्ममा पुर्‍याइरहेका सेवा प्रवाहका सम्बन्धमा सेवाग्राहिहरुसंग नागरिक अभिमत तथा बर्हिगमन अभिमत फाराम भरिएको थियो ।

२. सर्वेक्षण प्रश्नावली तयार : नागरिक प्रतिवेदनको नतिजा एवं सेवा सुविधा प्रवाहका विषयमा प्राप्त जनगुनासो तथा सुझावको व्यवस्थापन र स्थानीय निकायको नीति, कार्यक्रम, बजेट तथा प्रगति साथै सामाजिक सुरक्षा भत्ताका सम्वन्धमा नागरिकहरुको चासो जिज्ञासाको सम्वन्धमा अनुसुचिमा तयार गरिए अनुसारको प्रश्नावली प्रत्यक्ष भेट तथा अनलाइनको माध्यमबाट तयार पारिएको थियो ।

३. तथ्यांक तालिकीकरण, विश्लेषण तथा निष्कर्ष : प्राप्त तथ्यांकको आधारमा तालिकीकरण, विश्लेषण गरी निष्कर्ष निकाल्ने कार्य सम्पन्न गरियो ।

४. कार्यक्रम व्यवस्थापन तथा संचालन : कार्यक्रम तोकिएको ढाँचा अनुसार सहजकर्ताले कार्यक्रम व्यवस्थापन तथा संचालन गरिएको थियो ।

५. प्रतिवेदन तयारी : अनुसुचि मा संलग्न गरिएको ढाँचा अनुसारको प्रतिवेदन तयार गरिएको छ ।

६. कार्यक्रम संचालनको स्थान, मिति र समय : ताराखोला गाँउपालिका ले आर्थिक बर्ष २०८०।८१ को प्रथम चौमासिक सम्ममा सम्पादन गरेका कार्यहरुको विषयमा २०८० साल पुस ३ गतेका दिन ताराखोला गाँउपालिकाको **वडा नं ५ को सींजालीचोकमा** कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रम दिउँसो १:३० बजे देखि शुरु भइ वेलुका .५:३० बजे सम्म संचालन गरिएको थियो ।

५. प्राप्त उपलब्धिहरु :

१. ताराखोला गाँउपालिकाद्धारा प्रथम चौमासिक सम्ममा संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधाबारेमा सर्वसाधारणलाइ जानकारी प्राप्त ।

२. नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा जिम्मेवारी बोधको संस्कार बसाउने पद्दतिको विकास हुनेछ ।

३. ताराखोला गाँउपालिका को ध्यान नपुगेका स्थानहरुमा यस कार्यक्रमको माध्यमद्धारा ध्यानाकर्षण हुनेछ ।

४. पारदर्शिता, जवाफदेहिता, प्रवर्धन गरी सुशासनको प्रत्याभुति गर्न गाँउपालिकाका र बिषयगत शाखाहरुलाइ ध्यानाकर्षण गराइएको ।

५, चालु आ ब २०८०/८१ को निति कार्यक्रम तथा बजेट कार्यान्वयनमा सघाउ पुर्‍याउने

**७.कार्यक्रममा रहेको उपस्थिति**

यस कार्यक्रम ताराखोला गाँउपालिका ले आर्थिक बर्ष २०७९।८० को प्रथम चौमासिक सम्ममा सम्पादन गरेका कार्यहरु र पूर्‍याएको सेवा सुबिधाका बारेमा सार्वजनिक सुनुवाई गरिएको थियो । कार्यक्रमको अध्यक्षता ताराखोला मिडिया प्रा लि का संयोजक महेन्द्र घर्ती (संगम) गर्नु भएका थियो । ताराखोला गाँउपालिकाका अध्यक्ष धन बहादुर बि क, प्रमुख प्रशासकिय अधिकृत चिरञ्जीबी घिमिरे प्रशासकिय अधिकृत प्रकाश गैरे ,गाउँपालिका उपाध्यक्ष भिम बहादुर रोका ताराखोला गाँउपालिका भित्रका क्रियाशिल राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु,ताराखोला गाँउपालिका का बिभिन्न वडाका वडाध्यक्ष तथा बिभिन्न विषयगत शाखा प्रमुखहरु,सम्बन्धित कार्यालयका प्रमुख एवम प्रतिनिधिहरु, पत्रकारहरु, ताराखोला मिडिया प्रा लि मा आबद्ध सदस्यहरु को उपस्थिति रहेको उक्त कार्यक्रममा १७० भन्दा

बढि आम नागरिक,नागरिक समाजका प्रतिनिधिहरु,बिभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो भने यसका विवरण अनुसूचि मा दिइएको छ ।

८. कार्यक्रममा भएञका गतिविधिहरु :

२०८०।०९।०३ गते १:३० बजे ताराखोला मिडिया प्रा लि का संयोजक महेन्द्र घर्ती (संगम) ज्यूको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा ताराखोला गाउपालिका सुचना अधिकारी जित बहादर सुनारले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रमको पहिलो चरणमा ताराखोला गाँउपालिकाको आ ब २०८०।०८१ मा सम्पन्न गरिएका क्रियाकलापहरुको समिक्षा तथा सो को सम्बन्धमा तयार पारीएको प्रतिबेदन प्रमुख प्रशासकिय अधिकृत चिरञ्जीबि घिमिरे ज्युले प्रस्तुत गर्नुभएका थियो । त्यसपछि नागारिक सन्टुष्टी फारम अनुसार तयार पारीएको नागरिक प्रतिबेदनको नतिजा जानमुखी न्यूज अनलाइनका संपादक पुर्णभद्र निउरेले प्रस्तुत गर्नु भएको थियो । दोस्रो चरणमा सहभागिहरुलाइ सार्वजनिक सुनुवाईका बारेको आचारसंहिता कार्यक्रमको सहजकर्ता नेपाल पत्रकार महासंघ बागलुङका सहसचिब तारानाथ आचार्यले जानकारी गराउनु भएको थियो ।

आचार संहिता र नागरिक सर्वेक्षण प्रतिवेदन जानकारी गराइसकेपछि ताराखोला गाँउपालिका को चालु आ ब मा समाबेश भएका मुख्य मुख्य योजना र कार्यान्वयनका संबन्धमा सार्बजनिक सुनुवाई कार्यक्रम का सहजकर्ता तारानाथ आचार्यले राखेका प्रश्नको जवाफ तथा कार्याँन्वयनको अबस्थाका बारेमा अध्यक्ष धन बहादुर बि क र प्रमुख प्रशासकिय अधिकृत चिरञ्जीबि घिमिरेले जवाफ तथा जानकारी राख्नु भएको थियो । त्यसपछि उपस्थित नागरिकहरुबाट जिज्ञासाका लागि फोरम ओपन गरिएको थियो र सहभागिहरुद्धारा आ आफनो जिज्ञासाहरु राखेका थिए । सहभागिहरुले राखेका जिज्ञासाहरुका बिषयमा ताराखोला गाँउपालिकाका अध्यक्ष धन बहादुर बि क निमित्त प्रमुख प्रशासकिय अधिकृत प्रकाश गैरे सम्बन्धित शाखाका प्रमुखहरु शिक्षा,स्वास्थ्य,विधुत सहरी बिकास तथा भवन निर्माणका प्रमुखहरुले जवाफ दिदै उक्त कार्यक्रमका बारेमा समिक्षा गर्दै पारदर्शिता र जवाफदेहिपन बृद्धि गर्नका लागि चासो खबरदारी निगरानी सबै गर्नुपर्ने , नमुना गाँउपालिकाको रुपमा बिकास गराउन लागि बिभिन्न किसिमका योजनाहरु सन्चालन भएका निर्माण भईरहेका योजनाहरुमा सबै नागरिकहरुले आ आफनो तर्फबाट खबरदारि गर्नुपर्ने यो सार्वजनिक सुनुवाइमा आएका सुझाबहरुले आगामी दिनमा सबैलाइ बाटो देखाउने,सार्वजनिक सुनुवाई सुशासनका कडि हो यस्ता कार्यक्रमले तेस्रो आखांका रुपमा भुमिका खेल्दछ भन्ने बिचार ताराखोला गाँउपालिकाका अध्यक्ष धन बहादुर बि क ले व्यक्त गर्दै उठेका सबै जिज्ञासाहरुका चित्त बुझ्दो उत्तर दिदै गाँउपालिकामा मा भएका क्रियाकलाप तथा योजनाका बारेमा सबै नागरिकले चासो राख्नुपर्ने भन्दै कार्यक्रममा अध्यक्ष धन बहादुर बि क ले सार्बजनिक सुनुवाईका क्रममा उठेका बिषयबस्तु प्रति ध्यानाकार्षण हुने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो

। अन्तमा सबै सहभागिहरुलाइ धन्यवाद दिदै कार्यक्रमका अध्यक्ष महेन्द्र घर्ती (संगम) ले कार्यक्रम समापन गर्नुभएका थियो ।

## निष्कर्ष तथा सुझाब

ताराखोला गाँउपालिकाका ले आ.ब २०८०।८१ मा सम्पन्न गरेका कार्यक्रमहरु तथा योजनाहरुका तथा बारेमा सार्वजनिकिकरण तथा बिषयगत शाखा र कार्यालयका बारेमा सम्पन्न भएको सार्वजनिक सुनुवाइ कार्यक्रम वास्तवमा पारदर्शिता तथा जवाफदेहिताका लागि गरिएको प्रतिवद्धतानै मान्नु पर्दछ । यस्ता किसिमका कार्यक्रमहरु निरन्तर रुपमा संचालन गर्नु गाँउपालिका मा मात्र नभइकन सम्पूण सार्वजनिक निकायहरुले गर्नुपर्ने आवश्यकता देखिन्छ तथापि आजसम्म यसका प्रयोग कमै मात्रामा गरिएका पाइन्छ । देशमा स्थानीय तहका स्थापना पछि स्थानीय सरकारहरुले गर्ने कार्यहरु र आगामि योजनाहरुका बारेमा सर्वसाधारण नागरिकलाइ जानकारि गराउन तथा सेवाप्रदायकलाई नागरिकहरुबाट प्राप्त भएका सुझाबहरु संकलन गरि आगामि दिनमा काम गर्नका लागि योगदान पुग्ने आशा एवम बिश्वास गरिएको छ ।

ताराखोला गाँउपालिकाका को आर्थीक सहयोग र ताराखोला मिडिया प्रा लि द्धारा आयोजित प्रथम चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागि रहेका बिभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु,आम नागरिकहरु समेतले राखेका सुझाबहरु,प्रश्नहरु र जिज्ञासा ले गाँउपालिका को आगामी निती कार्यक्रम र योजना निर्माण तथा चालु आ ब को कार्यक्रम कार्यान्वयन मा महत्वपूर्ण भुमिका निर्बाह गर्ने कुरामा २ मत छैन ।

सुझाबहरु:

यस सार्वजनिक सुनुवाइका क्रममा भएका त्रुटि तथा कमी कमजोरीहरुलाइ आगामी दिनहरुमा सुधार गर्नका लागि केहि सुझाबहरु यसप्रकार छन ।

- सार्वजनिक सुनुवाइ कार्यक्रमका प्रचारप्रसार व्यापक रुपमा गरिनुपर्ने ।
- सम्वधित कार्यालयले कार्यक्रम निर्धारित समयमै संचालन गर्नुपर्ने ।
- सार्वजनिक सुनुवाइ कार्यक्रमको शुरुमा अघिल्ला सार्वजनिक सुनुवाइका क्रममा व्यक्त भएका प्रतिवद्धताहरु का बारेमा सुनुवाइ गरिनुपर्ने ।
- गाँउपालिकामा हुदै गरेका ठुला बिकास निर्माण का कार्यहरुको प्रभावकारी अनुगमन संयन्त्र बनाइ अनुगमन गर्नुपर्ने ।
- गाँउपालिकामा र मातहतका कार्यालयहरुमा हुने गरेका विकास निर्माणका कार्य,सेवासुविधा जस्ता बिषयहरु र सोका निर्णयहरु सुचनाको रुपमा तयार गरी राख्ने सो आम नागरिकहरुले मागेका समयमा दिने व्यबस्था मिलाउनुपर्ने ।
- बिकास निर्माणका सन्दर्भमा सबै नागरिकहरुका मागलाई समान रुपमा व्यबहार गर्ने संस्कार बिकास गर्नुपर्ने ।

- सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु वडागत रुपमा संचालन गर्न जोड दिनुपर्ने । सबै वडाहरुमा नागरिक वडापत्रको व्यवस्था गर्नु पर्ने ।
- ठुला योजनाहरु बनाउंदा त्यसको दीर्घकालिन टिकाउका लागि विषयबिज्ञहरु र सरोकार वाला संग छलफल गरि योजनाहरु तयार गरिनुपर्ने ।

कार्यक्रमको खर्च विवरण : (संलग्न बिल भरपाईको आधारमा)

| क स | बिबरण | . जम्मा | कैफियत |
|---|---|---|---|
| १ | सर्बेक्षण पत्रचार पम्पेट | १३,८०० | |
| २ | सुचना प्रसारण रेडियो | ८,००० | |
| ३ | कार्यक्रमको प्रत्यक्ष प्रसारण तथा भिडियो निमार्ण | १५,००० | |
| ४ | आयोजक  अतिथी खाना खाजा | ३,६०० | |
| ५ | सहभागी खाजा | २१,३६० | |
| ६ | स्टेशनरी | १०,६८० | |
| ७ | यातयात | ८,००० | नियमानुसार कर कट्टि गरिएको |
| ८ | सहजकर्ता | १०,००० | पारीश्रमिक कर कट्टि गरिएको |
| ९ | सहयोगी सहजकर्ता तथा टिप्पणीकर्ता तथा संचारकर्मी यातयात | ७,००० | पारीश्रमिक कर कट्टि गरिएको |
| १० | बिबिध | २,००० | |
| जम्मा खर्च | | ९९,४४० | |

नागरिक प्रतिवेदन (सन्तुष्टि वा असन्तुष्टि जनाउने)
अभिमतमा सहभागी बिबरण
ब्राम्हणक्षेत्री १० , जनजाति ६ ,दलित ४

महिला : १२ पुरुष : ८

सहभागी सेवाग्रही संख्या जम्मा २० जना

**१. सेवाको सन्तुष्टि**

१.१ तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

सन्तुष्ट (२०) ठीकै (७०) असन्तुष्ट (१० )

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (६०) ठीकै (४०) असन्तुष्ट ( )

**२ सेवाको नियमितता**

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईल प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (४०) ठीकै (५०) असन्तुष्ट (१०)

२.२ कार्यालय नियमित रुपमा (कर्मचारीका उपस्थिति, समय पालना,कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिका विश्वस्त हुनुहुन्छ ?

सन्तुष्ट (६०) ठीकै (४०) असन्तुष्ट ( )

२.३ तपाईल सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

तिरेको छैन(९०) एकदमै कम ( ) धेरै तिरेको ( ) भन्न चाहन्न (१० )

**३. सेवाप्रतिका जनविश्वास**

३.१ यस संस्थाले दिन सेवाप्रति तपाई कतिका विश्वस्त हुनुहुन्छ ?

विश्वस्त (६०) ठीकै (४०) अविश्वस्त ()

३.२ यस कार्यलयले प्रदान गरेको सेवा बारेमा अरुलाई जानकारी गराई कतिको प्रचार गर्नु भएका छ ?

धेरै (३० ) ठीकै (१०) गरेको छैन (६०)

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईका विश्वास कत्तिको छ ?

धेरै (४०) ठीकै (५०) विश्वास छैन ()

३.४ यस कार्यालयले विपन्न वर्गका लागि छुटयाएका सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

छ (५०) अलिअलि थाहा छ (२०) थाहा छैन (३०)

## ४ सेवाका गुणस्तर

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यलयले दिएको जनकारीबाट कतिका सन्तुष्ट हुनुहुन्छ

सन्तुष्ट (७०) कम सन्तुष्ट (२०) असन्तुष्ट ( )

४.२ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ?

१ पटक ( ) २ पटक (२०) कामको प्रकृति हेरेर (८०) भन्न चाहन्न

## ५. सेवा सम्बन्धी जानकारी

५.१ कार्यालयका भौतिक अवस्था कस्तो छ ?

अति राम्रो (७०) ठीकै (३०) नराम्रा ()

५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाई जानकारी छ ?

छ (५०) आंशिक जानकारी (२०) कुनै जानकारी छैन (३०) भन्न चाहन्न

५.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो (३०) ठीकै (७०) खासै राम्रा छैन ( )

५.४ सञ्चालन गरिने सार्बजनिक कार्यक्रममा लक्षीत वर्गको उपस्थिती कति प्रतिशतसम्म हुन गरेको छ ?

२० प्रतिशत जति (२०) ५० प्रतिशत भन्दा माथि (६०) थाहा छैन (२०)

## ६ नागरिक बडापत्र/उजुरी पेटिका/ गुनासो सुन्न अधिकारी सम्बन्धमा

६.१ तपाईको विचारमा सेवाग्रहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन ?

धेरै ( ) कम (२० ) गरेका छैन ( ) थाहा छैन (७०)

६.२ तपाईका विचारमा सेवप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेका जस्ता लाग्छ ?

धेरै ( ) ठीकै (३० ) अति कम ( ) थाहा छैन ७०

६.३ तपाईका विचारमा उजुरी पेटीका उपयोग कुन हदसम्म भएको छ ?

धेरै भएको छ ( ) ठीकै भएको छ (३० ) भएकै छैन (७०)

## प्रश्नावली भाग - २

नागरिक प्रतिवेदन पत्र

### १ सिफारिस सम्बन्धी

१.१ सिफारिसका लागि चाहिने आवश्यक कागजातहरुका प्रष्ट जानकारी पाउनु भयो ?

पाएँ (६०) ठीकै पाए (३०) स्पष्ट पाइँन ()

१.२ कुन सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिन पऱ्यो ?

दिएँ ( ) थोरै दिएँ ( ) मागेनन दिइएन पनि (१००)

१.३ त्यहाँबाट दिन सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?

आफै (७०) मध्यस्त कर्ता वा कार्यालयकै मान्छे (३०) नेता/ठूलाबडा ( )

१.४ राजश्व, शुल्क तथा दशदुर को-कससंग उठाउने गर्दछन ?

सबैसंग कर उठाउँछन (७०) सीमित सँगमात्र कर उठाउँछन ( ) धेरै वक्यौता रहने गरेको छ ( ) खासै थाहा छैन (३०)

### २ पूर्वाधार तथा सरसफाई सम्बन्धी

२.१ कार्याालयमा सरसफाईका अवस्था कस्तो छ ?

राम्रो (३०) ठीकै (७०) खराब ( )

२.२ कार्याालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथी कारवाही कतिको गरिन्छ ?

तुरुन्तै हुन्छ (४०) पटक पटक भनेपछि मात्रै हुन्छ (५०) जति भनेपनि हुन्न ( )

२.४ तपाईको गाँउपालिकामा विकास निमार्णको स्थिति कस्तो छ ?

राम्रो (३०) ठीकै (६०) थाहा छैन

२.५ सञ्चालन गरेका योजनाहरु कतिको प्रभावकारी छन ?

प्रभावकारी छन (३४ ) ठीकै छन (५६) थाहा छैन (१०)

२.६ योजनाका बिल भुक्तानी दिन व्यवस्था कस्तो छ ?

सहज (२०) ठीकै (४०) झन्झटिलो (२०) थाहा छैन (२०)

२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाइ रकम दिनुपर्छ ?

पर्दैन(९०) मागेर लिन्छन ( ) रकम नदिए अप्ठयारा पार्छन ( )

२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?

सजिलै पाईयो (७०) कहिले काँही पाइयो (४०) सोधेपनि पाइदैन

२.९ विकास निमार्णका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?

सजिलै पाइन्छ (५२) सोधपछि पाइन्छ (३८) थाहा छैन

२.१० स्थानिय निकायको आचारसंहिता पालन भएको छ ?

पालन भएको छ (५२) ठीकै पालन भएको छ (४२) कति पनि पालन भएका छैन ( )

२.११ योजना सञ्चालन गर्दा गाँउपालिका बाट कतिको सहयोग पाउनु भएको छ ?

धेरै सहयोग पाएको छ (७०) ठीकै सहयोग पाएको छु (३०) निरुत्साहित गरिन्छ ( )

**३ यस कार्यालयको तल दिईएका विविध पक्षहरुमा तपाईको कस्तो छ ?**

३.१ आर्थिक श्रोत कस्तो छ ?

आवश्यक श्रोत उपलब्ध (४०)कम श्रोत उपलब्ध (५०) अति कम श्रोतउपलब्ध( )थाहा छैन १०

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

अति सरल (६०) ठीकै (३०) झन्झटिलो (१०)

३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

आवश्यक सीप छ (५०) आवश्यक भन्दा कम छ ( ) सीप निकै कम छ ()थाहा छैन ४०

३.४ गाँउपालिकाको को आम्दानि र खर्च सुचना पाटिमा टांसेको देख्नुभया ?

टासेका देखेका छु (३०)कहिले काहि टाँसेका देखिन्छ () खै कतै देखिएन(५०) भन्न चाहन्न

३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ की छैन ?

छ (५०) ठीकै मूल्यांकन हुने गरेका छ (३०) थाहा छैन (२०) भन्न चाहन्न ()

३.६ वर्तमान कार्य सञ्चालन संरचना प्रति कतिका सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (३०) ठीकै (७०) थाहा छैन

**४ पारदर्शिता सम्वन्धी**

गाँउपालिका मा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?

भएको छ ( ३०)अहिले सम्म सञ्चालन भएका छैन ( ) कार्यक्रम बारे कुन जानकारी नै छैन (७०) भन्न चाहन्न

४.४ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कतिको कार्यान्वयन भएको छ ?

धेरै ( ३०) ठीकै (२० ) कम (२०) भन्न चाहन्न ( ३०)

४.५ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएका छ ?

संयन्त्र बनेका छ ( )कुनै संयन्त्र बनेका छैन (४०)कुन जानकारी छैन (५० ) भन्न चाहन्न

४.६ यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

धेरै जानकारी पाएको छु ।

(२०)ठीकै जानकारी पाएको छु (४०)कम जानकारी पाएका छु (३०)भन्न चाहन्न

अनुसूची ५

सार्वजनिक सुनुवाइ सम्बन्धी प्रतिवेदनका ढाँचा

- सार्वजनिक सुनुवाइ आयोजना गर्ने व्यक्तिका नाम, थर र ठेगाना
  ताराखोला मिडिया प्रा लि ताराखोला बागलुङ ( सहजकर्ता **तारानाथ आचार्य सहसचिब नेपाल पत्रकार महासंघ बागलुङ साखा** )
  पर्यबेक्षक/टिप्पणीकर्ता
  **किरण आचार्य ( संबाददाता नेपाल टेलिभिजन )**
  **जगेन्द्र विक ( रेडियो नेपाल काठमाण्डौ संवाददाता )**
  **खगेन्द्र विक (जनमुखी अनलाईन सम्पादक)**
  **पुर्णभद्र निउरे (जनमुखी अनलाईन कार्यकारी सम्पादक)**
- कार्यक्रम आयोजना स्थल: ताराखोला गाँउपालिका वडा नं ५ करिमेला )
- कार्यक्रम आयोजना गरिएको मिति र समय : २०८०। ०९ ।०३ दिनको ठीक १.३० बजे
- कार्यक्रम संचालन गरिएको समयावधि : ५ घण्टा

## सहभाागीका प्रश्न, गुनासो तथा सुझाबहरु

| क्रस. | प्रश्नकर्ता , गुनासो,सुझाव दिनेको नाम थर ठेगाना | सहभागीको प्रश्न गुनासो र जिज्ञासा | जवाफ दिने पदाअधिकारीको नाम |
|---|---|---|---|
| १ | सहजकर्ता तारानाथ आचार्य | स्वास्थ्य शाखामा गाउँपालिकाको केन्द्र भात खाने डाडामा किन धेरै कर्मचारी राखिएको ? | ताराखोला गाउँपालिका स्वास्थ्य शाखा प्रमुख उदित कुमार थापा संघिय सरकारको कार्यक्रम धेरै भएको र २ जनाले न भ्याईने भएकोले सिन्यरिटीका अनुसार अहिले ४ जना भएको,सरकारी दरबन्दी २ भएको |
| २ | कुल बहादुर रोका | पसलमा म्याद सकिएको सामग्री बेचेको पाईयो अनुगमनमा ध्यान नपुगेको ? | ताराखोला गाउँपालिकाका उपा अध्यक्ष भिम बहादुर रोका अनुगमन गरिएको छ। समय अभाव थियो ? कतै भुल बस बेचिएको हुन सक्छ। माफी चाहन्छौ |

| | | | |
|---|---|---|---|
| ३ | देवि प्रसाद कंडेल | विद्यालय कर्मचारिको तलव बढेको किन आएन ?<br>कृर्षिमा पान विल नवनाई अनुदान किन पाईदैन<br>वास्तविक कृषकले अनुदान नपाएको र पाएकाले निरन्तरता नपाएको<br>कृर्षी बजारको व्यवस्थापन नभएको<br>पालिकाले कृषी सामानको मुल्य किन नटोकेको<br>पशु पालनमा वडान नं ५ मा स्थापना भएको दुध उत्पादनको फर्म किन तरिममा सारियो | शिक्षा शाखा प्रमुख युवराज शर्मा, कर्मचारिको तलव समयमै पठाईएको छ ।<br>तारा खोला गाउँपालिका अध्यक्ष धन बहादर बि कले<br>मुल्य निर्धार किन गरेन भन्न विषयमा कुनै समय माग र पुर्तिमा निर्भर पर्छ । २४ घण्टामा मुल्य हेरफेर हुने र पालिकामा मुल्य निर्धारण गर्ने निति नभएको बताउनु भयो। |
| ४ | खिम बहादुर घर्ती पुन | टोल विकास समिटिबाट आएका विकास निमार्णका योजनाहरु किन संबोधन भएन ।<br>छेल्डर नाङ्गी मोटर बाटो जोड्न बजेट किन नराखेको ?<br>वडान ५ मा<br>वडान ५ को मान्छे पोल्ने घाट कहिले बन्छ निमार्ण भएको किन बनेन्<br>पालास्टिकको चामल भेटियो भन्ने थियो त्यसको रिपोट के आयो । | वडान ५ का वडा अध्यक्ष मन बहादुर रोका। बजेट नभएकोले संबोधन नभएको हो ।<br>उपा अध्यक्ष भिम बहादुर रोका बाटोको ग्रडिङ नमिलेको, र बजेट व्यवस्थापन गर्न आवश्यक भएको छ ।<br>पलास्टिकको चामल भन्ने परिक्षणमा पठाएको तर रिपोट नआएको |
| ५ | कुल बहादुर वि.क. | बच्चाको जन्म दर्तामा नाम मिस्टेक भएको छ । कसरी सच्चाउन सकिन्छ ? | गाउपालिकाका प्रमुख प्रसासकिय अधिकृत चिरन्जीवि घिमिरे सच्चाउन घटना दर्ता ऐन अनुसार १ बर्ष भित्र मिल्छ १ बर्ष काटेमा सच्चाउन सकिन्छ , अनलाई दर्तामा बाजेको नाम नभएकोले मुचुल्का उठाएर बनाउन सकिन्छ । प्रशासकि अधिकृत संग समन्वय भएन् । |
| ६ | नविन रोका | सार्वजनिक सुनुवाई कार्यक्रम किन बन्द कोठामा भयो<br>कृषीमा व्यवसायी गर्न किन फर्म तरिममा सरेको होला<br>कृर्षि कभर हल किन<br>कृषकले उत्पान गरेको बस्तुको मुल्य निर्धारण गरिदिए हुन्थ्यो<br>स्वास्थ्य शिक्षा राम्रो भएन, ५ शैयाको सामुदायीक भवन कहाँ कसरी स्थापना हुदैछ | ताराखोला गाउँपालिकाका अध्यक्ष<br>कृर्षि सरहकारी प्रमुख चिरन्जीवी शर्मा, प्यान नम्बर लिनुपर्ने सरकारी नियम हो ।,<br>आर्थिक पारदर्शीको लागी सरकारी नियम हो ।<br>व्यवसायीक तरकारीमा सामुहिक तथा , व्यक्तिगत दुबै क्षेत्रमा सरकारी नियममा |

| | | | |
|---|---|---|---|
| | | शिक्षामा भवनहरु , प्रविधिहरु सेवाहरु प्रदान भएन् | दिएका छौ , अनुदान अवास्तविक कृषकले लगेको प्रमाण सहित बुझाउनुस् कारबाही गर्छौ, दुधमा निरन्तरता पाईएन् । र अब संकलन हुन्छ । शिक्षा शाखा प्रमुख युजराज शर्मा तलब संघिय सरकारको तलवमा ८ हजार थपेर २१ हजार दिई रहेका छौ । |
| ७ | बाल कृष्ण कडेल | मालारानी विद्यालयमा कुनै पनि शिर्षकमा बजेट छुट्याएका छैन किन , विद्युत तार छैन, रेलिङ बनाईएको छैन् | गाउँपालिका अध्यक्ष बजेट व्यवस्थापन हुने बताउनु भयो । |
| ८ | भिम कली, मन प्रसाद रोका | खरको छानो विस्तापन हताउन ५० हजार रकम दिने भनियो दिईएका किन | निमित्त प्रमुख प्रशासकिय अधिकृत , सरकारी ऐन अनुसार संघिय सरकारबाट आएको र खरको छानो कम देखिएको घर भनेर गोठ बनेको , कार्यविधि र बजेटको उद्देश्य मेल नखाएकोले बजेट दिईएको र ऐन अनुसार भएमा रकम दिन सकिन्छ । |
| ९ | नविन रोका | सुरक्षित मातृत्व महिला भवनलाई किन ठुलो रकम ८४ लाख छुट्याएको ? | गापा अध्यक्ष धन बहादुर वि.क. हिमाल, पाहुना घर बनाउने , समग्री पर्यटनको विकास गर्ने |
| १० | तुलमति निउरे | कृषि सहकारीमा किन बढी कर्मचारि राखेको, उनीहरुलाई काम नपुगेको अवस्था छ ? | सहकारीको कार्यलाई विस्तार गर्दै जाने |
| ११ | उमेश कुमार वि.क | छेस्करमा मोटरबाटो बनाउने भनियो तर बनाईएन किन, सार्वजानिक सुनाई कार्यक्रममो सुचना पुग्यो की पुगेन ? | गापा अध्यक्ष , बजेट र प्राथमिकताको अनुसार बजेट व्यवस्थापन गर्ने बताउनु भयो । ताराखोला मिडिया प्रालिका अध्यक्ष, महेन्द्र सुचना सार्वजनिक गरिएको थियो सुचनाको भरमा आफै सक्रिय भएर आउने र कतिपयलाई पत्र तथा फोन पनि गरिएको बताउनुभयो । |
| १२ | रमन घर्ती | मोटरबाटो सफाई किन ढिला भयो, ढुङ्गाखानी किन समय समयमा बन्द हुन्छ ? | गाउँपालिकाका प्रशासकिय अधिकृत प्रकास गैरे समय तेल निकाल्न निकासी रकम नगएकोले खाता रोक्का भएकोले मोटरबाटो सफाईमा ढिला भएको हो । खानी संचालन कानुनी प्रकृया नमिलेकोले बन्द बन्न हुने |

## टिप्पणीकर्ताको सुझाव

१ प्रत्यक चौमासिकमा सार्बजनिक सुनुवाई गरी र्चामासिक प्रतिबेदन सार्बजनिक तथा नागरिकका सुझाब गुनासा तथा प्रतिक्रिया लिनु सकारात्मक पक्ष रहेको

२ चौमासिक सार्वजानकि सुनुवाईमा अन्य विषय प्रसंगमा छलफल भएको

३ गाउँपालिकाले सार्वजानिक सुनुवाई गरी जनतासंग प्रश्न उत्तर गर्नु अति राम्रो

४ समानुपातिक तरिकाले प्रश्न उठ्नुपर्ने

५ यहाँका कृषिउत्पादन लाई ब्राण्ड गर्नुपर्ने

६ हाते कागज अल्लो उत्पादनमा ध्यान दिनुपर्ने

७ सार्वजनिक सुनाई सबैलाई समेट्न सकेमा हल भित्र पनि गर्न सकिने

८ सिधा प्रश्न सिधा जवाफ लिइएकाले प्रश्नहरु गोलमोटोल हुन नपाएको

९ नागरिक अभिमत संकलन गरि प्रस्तुत गरिएकाले कार्यक्रममा उपस्थित हुन नसक्नेहरुको सेवा प्रबाह सम्बन्धी धारणा समाबेश भएको साथै नागरिक प्रतिबेदनमा अनलाईनबाट समेत सहभागी गराईको

१० सबै क्षेत्रलाई समेट्ने गरी प्रश्नहरु उठेका

११ कार्यक्रमको पुरा अबधि सामाजिक संजाल मार्फत प्रत्यक्ष प्रसारण गर्नु राम्रो पक्ष

१२ चौमासिक प्रतिबेदनमा सबै बिषयगत साखाबाट सम्पन्न कार्यहरुको बारेमा खुलस्त जानकारी पाईएको

१३ कार्यत्र,मको भिडियो निर्माण गरि जिल्लाबाट संचालित धैलागिरि टेलिभिजनबाट समेत प्रसानरण गरिएकाले सबै सम्म कार्यक्रमको प्रभाबकारिता बढेको

## कार्यक्रममा व्यक्त गरिएका प्रतिवद्धताहरु

१. मोटरबाटो मर्मत तथा अत्याबश्यक ठाँउमा पहल भएको

२. अत्याबश्यक ठाँउमा हिउदे अबिधेशनबाट बजेट ब्यबस्था गरिने

३. बजार अनुगमनलाई निरन्तरता दिईने

४ बडा कार्यालयबाट सम्पादन हुने पञ्जिकरणका काममा कानुन सम्बत कुरामा सहजिकरण गरिने

५ योजनाको अनुगमनलाई प्रभाबकारी बनाईने

६ बहुबर्षे बिकास योजना हरु संचालन गर्दा सबै पक्ष संग छलफल गरी अगाडी बढाइने

# कार्यक्रमका केहि झलकहरु :




























धन्यबाद

प्रतिबेदन तयार कर्ता
पूर्णभद्र निउरे
ताराखोला मिडिया प्रा लि ताराखोला बागलुङ